ग  येशु नै परमेश्वर हुनुहुन्छ भन्ने विश्वासलाई मनन गर्नुहोस्, विशेष गरेर क्रुसको पक्षलाई ध्यानमा राखेर उहाँको दैव्य शक्तिलाई विवेचना गर्नुहोस्।

✞📖✞





# परमप्रभु परमेश्वर, देहधारी येशु हुनुभएको?

## यो कस्तो रहस्य हो?

**यस अध्यायका निम्ति पढ्नुहोस्:** यशैया ९:६, मिका ५:२, मत्ती १६:१३-१७, युहन्ना १:१, १४, १८, ८:५८, १७:५, २०:२८, १ कोरन्थी १:३, २ कोरन्थी १३:१४।

<u>स्मरण गर्नुपर्ने पद:</u> "आदिमा वचन हुनुहुन्थ्यो, र त्यो वचन परमेश्वरसँग हुनुहुन्थ्यो, र नै वचन परमेश्वर हुनुहुन्थ्यो। उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। सबै थोक उहाँद्वारा वनिए, र बनिएको कुनै थोक पनि उहाँबिना बनिएन।" युहन्ना १:१-३ ।

येशुका बारेमा अब हामी ऐतिहासिक सन्दर्भ छोडेर बाइबल आफैले येशुको बारेमा के बोल्छ सो हेर्नेछौं। शताब्दीयौंसम्म विश्वको ध्यान येशुको जीवनले समादेश (प्रभुत्व) जमाएको हुनाले, बाइबलले उहाँको बारेमा कसरी ब्याख्या गर्दछ, सो हेर्न चाहन्छौं। जब यी कुरामा मनन गर्नेछौं, सिजरिया फिलिप्पीमा येशु र उहाँका चेलाहरू बीच भएको निर्णायक तर्कहरू आदानप्रदान भएको घटनालाई ध्यान दिनु जरुरी हुन्छ।जब पत्रुसले येशु नै मसिह जो परमेश्वरको पुत्र हुनुहुन्छ भनेर स्विकार गरेका थिए, यो ज्ञान मानव खोजतलासको उपज नभएर "स्वर्गमा रहनुभएको मेरो पिताद्वारा नै प्रकट गरिएको हो" भनेर येशुले खुलासा गर्नुभएको थियो (मत्ती १६:१३-१७, ११:२५-२७)। रगतले प्रवाह भएको हाम्रो भौतिक शरीर र मानवीय बुद्धिज्ञानले सम्पूर्ण युगका उत्कृष्ट रहस्यलाई बुझ्न अपर्याप्त छ। परमेश्वरको सहायताबिना उहाँको रहस्यलाई बुझ्न सकिँदैन (मत्ती १६:१७।

येशु ख्रिष्ट मसिह र परमेश्वरको पुत्र हुनुहुन्छ भनेर स्विकार्नुको अर्थ यो हो, उहाँको प्रारम्भ मरियमको कोखबाट सुरुभएको होइन भनेर घुमाउरो तरिकाले दृढतापूर्वक अनुमोदन गर्नु हो। प्रभु येशु हामीजस्ता

जुनसुकै स्वभाव लिएर जन्मनुभएको भनेर विश्वास गरे तापनि उहाँ र सम्पूर्ण मानिसको बीचमा मूलभूत अन्तर थियो भनेर स्विकार गर्नु हो। संक्षिप्तमा भन्ने हो भने उहाँको अस्तित्व यस संसारमा मानव चोला लिएर आउनुभन्दा अघि नै थियो भनेर विश्वास गर्नु हो, अर्थात् साधारणतया भन्ने हो भने उहाँ पूर्वविद्यमान हुनुहुन्थ्यो।

"उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ।किनकि उहाँले नै सबै थोक सृष्टि गर्नु भएको थिए। स्वर्ग र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारा नै र उहाँकै निम्ति सृजिएका हुन्। उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ र उहाँकै पकडमा सबै कुरा छन्।" कलस्सी १:१५-१७।

**१. उहाँको पूर्वविद्यमान अर्थात् अनादिकाल देखि नै उहाँ हुनुहुन्थ्यो- यसको अर्थ हामीलाई के छ?**

येशुको अनादिकालदेखिको अस्तित्वलाई हाम्रो के सरोकार छ? यसले हाम्रो मुक्तिसँग के सम्बन्ध छ? यी प्रश्नहरूको जवाफ हिब्रु १:१-४ र कलस्सी १:१५-२० ले कसरी इङ्गित गर्न खोज्दछ?

प्रायजसो सबैले यो तर्क गर्दछन् हाम्रो अस्तित्व हाम्रो आमाको कोखमा जन्मनुभन्दा अघि नै थियो। तर येशुमा भिन्नता थियो। उहाँको अस्तित्व मरियमको कोखबाट सुरु भएको थिएन। उहाँ अनन्तकालदेखि हुनुहुन्थ्यो। उहाँ अनादिकालदेखि हुनुहुन्थ्यो भन्नुको अर्थ यही हो। उहाँ सदासर्वदा हुनुहुन्थ्यो। उहाँ नभएको समय नै थिएन।

भौतिक शरीर लिएर आमा मरियमको कोखमा मानव चोला लिएर जन्मनुभन्दा पहिलै येशु अनादिकालदेखि नै हुनुहुन्थ्यो भन्ने मतलाई निम्नलिखित पदहरूले कसरी सङ्केत गरेर प्रमाणित गर्न खोज्दछ? यशैया ९:६, मिका ५:२ (मत्ती २:१-६ सँग दाँज्नुहोस्)

मिका ५:२ मा उल्लेख गरेको मोसायह जसको सुरु वा उत्पत्ति



गर्दछ। येशुका बारेमा गलत धारणाले धर्मशास्त्र बाइबलमा दिएको प्रत्याभूतिलाई जबरजस्त खोस्नु हो। यसले येशुको उद्धारकार्यको बृहत् योजनालाई निम्नस्तरमा मात्र झार्दैन, बाइबल, परमेश्वरको वचन र उहाँकै निर्देशनमा लेखकहरूले प्रेरणा पाएर प्रस्तुत गरेको पुस्तक हुन् भन्ने आस्थालाई समेत कुण्ठित गर्दछ। यस्तो धारणा बोक्नु खतरापूर्ण मात्र होइन, यस्तो ढिपी गर्नेहरूसँग सामना पनि गर्न मुस्किल पर्दछ। यदि परमेश्वरको प्रेरणाले अभिप्रेरित भएको बाइबलमा लेखिएका येशुको ईश्वरीय चरित्रलाई कसैले नकार्छ भने तिनीहरूसँग तर्क, वादविवाद गर्नु व्यर्थ हो। किनभने मानिसलाई वादविवाद र तर्कले विश्वास दिलाउन सकिँदैन र चित्त बुझाउन पनि सकिँदैन। यथार्थमा भन्ने हो भने, येशुको बारेमा गलत धारणा राख्नेले येशुको चरित्र र यस संसारमा परमेश्वरको मुक्तिको योजना अनुरूप उहाँ आउनुको लक्ष्यलाई सतरूपमा बुझ्न सम्भव पनि हुँदैन।"-एलेन जि ह्वाइट, "द स्नेयरस अभ सैतान," पृ.५२४, *द ग्रेट कन्ट्रोभर्सी* पुस्तकबाट उद्घृत ।

**चिन्तनमनन**

क. एलेन जि ह्वाइटको उपर्युक्त कथनलाई हेर्नुहोस्। येशु, परमेश्वर पिताको तहमा र उहाँको बराबरीमा हुनुहुन्छ भन्ने धर्मशास्त्रको शिक्षालाई हृदयङ्गमन गर्न किन महत्त्वपूर्ण छ? यस शिक्षालाई नकारेमा परमेश्वरको मुक्तिको योजनाका बारेमा सिकाउने शास्त्रीय शिक्षामा कसरी दखल पर्न सक्दछ?

ख. मत्ती ९:१-८ मा घटेको विवरण किन महत्त्वपूर्ण छ? प्रभु येशुले आफ्नो परमेश्वरपनालाई परमेश्वरको हाराहारीमा राख्नु उहाँको किन मनसाय थियो? आत्मिक वा आध्यात्मिक र भौतिक अस्वस्थतासँग येशुको भनाईमा के सरोकार देखाउनुभएको छ?

यस अध्यायमा हेरेको आधारमा येशुको जीवनलाई पुनरावलोकन गर्नुहोस्। उहाँको जीवनले परमेश्वरको चरित्रलाई कसरी प्रतिविम्व गर्दछ? यदि हामीले पनि परमेश्वरको ज्ञानमा अडिग रहेर जतिसुकै महाकष्टको परिस्थितिमा पनि, उहाँमाथि आशा, आनन्द र भरोसाले विभोर हुनसक्दछौं?

**उपसंहार**

अरू जानकारीका लागि पढ्नुहोस्: "गड विथ अस" *द डिजाएर अभ् एजेज्* पृ. १९-२६, एलेन जि ह्वाइट

मत्ती र लुकाले लेखेका येशुको वंशावली हेर्दा शिक्षाप्रद पाउन सकिन्छ (मत्ती १:१६,१८, लुका ३:२३, १-२३। यी बाइबलका लेखकहरूले जुन सतर्कता अपनाए त्यसलाई उत्कृष्ट मान्नुपर्दछ। येशुको पहिचानमा जुन मौलिक बुँदा प्रस्तुत गरेको छ त्यसमा भ्रम हुने स्थान नै दिएको छैन। त्यसमा पनि येशुको ईश्वरीय सत् वा गुण त युहन्नाले अन्तभन्दा अति उत्तमसाथ ब्याख्या गरेका छन् (युहन्ना १:१-३,१४)। यसले कुमारीबाट येशु जन्मनु भन्ने यथार्थता मुक्तिको योजनामा कस्तो निर्णायिक भूमिका खेलेको थियो सो देखाउँदछ। कुमारीबाट येशु जन्मनु भनेको, येशुको अस्तित्व उहाँको भौतिक चोलाभन्दा पूर्व थियो र उहाँ परमेश्वर नै हुनुहुन्छ भनेर पुष्टि गर्नु हो। यो धारणा सुसमाचारका सम्पूर्ण पुस्तकहरूमा ठोस चट्टान जस्तै खडा भएको पाउँछौं।

"कति मानिसहरूले येशु यस संसारमा जन्मनुभन्दा उहाँको पूर्व अस्तित्व थिएन भनेर दावी गर्दै शिक्षा दिन्छन्। यो अति खतरापूर्ण गलत शिक्षा हो। यो तर्क गैर इसाईहरूले भन्दा बेसी बाइबलमा आस्था राख्छु भनेर दावी गर्नेहरू मध्ये धेरैले गरेको पाउँछौं। धेरैले यसलाई सहमति पनि जनाएका छन्। येशुको सम्बन्ध परम पिता परमेश्वरसँग भएको, उहाँको ईश्वरीय स्वभाव वा गुणहरू र उहाँको पूर्व अस्तित्वलाई समर्थन गर्ने येशुको स्पष्ट कथनहरूलाई यसले प्रतिवाद



भन्ने शब्दलाई अनुवाद गर्न त्यत्तिको सहज छैन। यद्यपि पुरानो समयदेखि वा प्राचीनकालदेखि आउने शासक भन्नाले उहाँको अस्तित्व अनन्तदेखि नै थियो भन्ने जनाउँछ। (एसडिए *बाइबल कमेन्टरी,* ठेली ४, पृ. १०२५ हेर्नुहोस्)।

यशैया ९:६ले यस्तो विशिष्ट व्यक्तिको आगमनका बारेमा सिकाउँछ जो अनन्तकालदेखि हुनुहुन्थ्यो।यस व्यक्तिलाई विभिन्न उपाधिबाट बोलाउने असाधारण दावी हो। उहाँलाई अरू दर्जाहरूबाहेक "शक्तिशाली परमेश्वर, अनन्तका पिता" भनेर तोकेको छ। जे जति भविष्यवाणीहरू बोले ती सबै यस्ता निर्णयात्मक समूहलाई लक्षित गरिएका थिए जो एकेश्वरवादी थिए। तिनीहरू बहुदेवीदेवताहरूमा आस्था राख्दैनथे। यशैयाले यस पुत्रलाई शक्तिशाली परमेश्वर, अनन्तको पिता भनेर सम्बोधन गर्दा हामीले अचम्म मान्नुपर्ने कुरा छैन। भविष्यवक्ता यशैयाले जे बोले त्यो आफ्नो समूहमा बैचारिक मान्यता पाएको आधारमै बोलेको थियो। पुत्र नै परमेश्वर पिता हुनुहुन्छ, र सनातनदेखिका पिता? विश्वासद्वारा नै जिउनुपर्छ भन्ने यथार्थतालाई यसले कसरी पुष्टि गर्न खोज्दछ?

सर्वमान्य विचार, संस्कृति, परम्परा र विभिन्न विचारधाराहरूको प्रवाहको बीचमा अनौठो, कोरा र नाङ्गो आस्था वा विश्वासलाई अँगाल्नु कतिको चुनौतीपूर्ण हुन्छ, र यीबाहेक हाम्रा विश्वासका जगहरू अरू कुनै छन् कि जसले हामीलाई एक्लो भूमीमा शादराक, मिशाक र अबेदनेगो जस्तै उभ्याउन खोज्दछ? यो परिस्थितिको सामना गर्नु के गलत हो त?

### २ नयाँ करारको साक्षी अर्थात् येशुको पूर्व अस्तित्वबारेमा नयाँ करारले प्रमाणीकरण गर्दछ

(मानव येशु यस संसारमा कुनै ठूलो काम, शिक्षा, दीक्षा वा अथक तपस्या गरेर वा कुनै उत्कृष्ट परोपकार काम गरेर उहाँ हाम्रो स्वामी र उद्धारकर्ताको विशिष्ट ओहोदा प्राप्त गर्नुभएको होइन अर्थात्

महामानव वा भगवान बन्नुभएको होइन। तर संसारमा उहाँको भौतिक अस्तित्व पूर्व नै उहाँ उद्धारकर्ता र स्वामी हुनुहुन्थ्यो।-अनुवादकको व्यक्तिगत धारणा) नयाँ करारमा उहाँ अनन्तको परमेश्वर हुनुहुन्छ भनेर धेरै प्रमाणहरू प्रकट गरिएका छन्। संसारमा आउनुअघि उहाँ हुनुहुन्थ्यो। यी प्रमाणहरूमा येशुको आफ्नै मुखबाट बोल्नु भएको दावीबाट पनि देखाउँछन्। उहाँको अस्तित्व मानव चोला लिनुपूर्व थियो भनेर उहाँ हरदम सजग हुनुहुन्थ्यो। आफ्नो बारेमा उहाँ के भन्नुहुन्छ, यो अत्यन्त रोचक र हाम्रा लागि चुनौतीपूर्ण छ।

येशु आफ्नो इतिहासप्रति चेतनशील हुनुहुन्थ्यो भनेर स्पष्ट रूपमा वा अप्रत्यक्ष रूपमा देखाउनुभएको पाउँछौं। अप्रत्यक्ष रूपमा उहाँको पूर्व अस्तित्व लुका १९:१० मा उजागर गरिएको एउटा उदाहरण पाउँछौं, "किनकि मानिसको पुत्र हराएकालाई खोज्न र उद्धार गर्न आएको हो। यदि कसैले "म सिंहदरबारको सदनमा काम गर्न काठमाण्डौं आएको हुँ" भन्यो भने ऊ यस अघि अन्तै कतै थियो भन्ने कुरा जनाउँछ। कोही मानिस काठमाण्डौंमा सधैं रहेको छ भन्ने उसले उपर्युक्त अभिव्यक्ति, काठमाण्डौं आएको कुरा व्यक्त गर्दैन। सुनिश्चित रूपमा येशुले आफ्नो अस्तित्व त्यसबेला प्रकाश गर्नुभएको थियो जब उहाँ अन्तिम प्रचण्ड कष्टको सप्ताहमा (Passion Week) आफ्नो पितालाई महिमा गर्न अनुरोध गर्नुभएको थियो, “संसारको उत्पत्ति पूर्वरहेको महिमाले मलाई महिमित तुल्याउनुहोस्।" युहन्ना १७:५।

देहायका पदहरूले येशु मानव चोला पूर्व सदासर्वदा हुनुहुन्थ्यो भनेर मात्र देखाएको छैन तर उहाँ आफ्नो पूर्व अस्तित्वको ज्ञानमा हरदम सचेत हुनुहुन्थ्यो भनेर स्पष्ट रूपमा ब्याख्या गरेका छन्ः-

युहन्ना ३:१३, युहन्ना ८:२३, युहन्ना ८:५८,५९, युहन्ना १७:८,२४

“अब्राहम हुनुभन्दा पहिले, म छु" (युहन्ना ८:५८)। “म छु" भन्ने यहाँ र अन्त दर्साएको येशुको अटल अभिमतले उहाँ सदासर्वदा,



(मत्ती २८:१९। फेरि युहन्ना १४:९ मा बोलेको वचन उहाँले भन्दा अरू कसैले गरेको भए ईश्वरनिन्दाको पगरी दिन्थे होला। उहाँले भन्नुभयो, “जसले मलाई देखेको छ उसले परम पितालाई देखेको छ।"

निम्नलिखित पदहरू हेर्नुहोस्। यिनीहरूले येशु नै परमेश्वर हुनुहुन्छ भनेर कसरी स्पष्ट पार्न खोज्दछ?

१ कोरन्थी १:३, २ कोरन्थी १३:१४, प्रकाश २०:६, प्रकाश २२:३

उपर्युक्त पदहरूले येशुलाई परमेश्वर पिताको तहमा राखिएको पाउँछौं। परमेश्वर सरह आफू रहेको घोषणा येशुले पालेस्टाइनको धूलो बाटोमा हिँडिरहनुभएको बेलामा गर्नु भएको थियो। उदाहरणस्वरूप उहाँले यो घोषणा गर्नुभयोः “म र मेरा पिता एकै हुन्" (युहन्ना १०:३०)। ग्रीक वा युनानी भाषामा प्रयोग गरिएको तटस्थ शब्द “एक" को अर्थ हाम्रो दिमागले भ्याएसम्म उहाँहरू एकताको सूत्रमा भएको जनाउँछ। येशु र परम पिता एउटै तत्त्व हुनुहुन्छ र एउटै स्वभावको हुनुहुन्छ, यद्यपि दुवै एउटा र त्यही व्यक्ति होइन (नत्रभने येशुले पुलिङ्ग शब्द प्रयोग गर्नुहुन्थ्यो होला)। यो कुरा वा रहस्य बुझ्न तपाईंलाई कठिन छ भने, बीचलित नहुनुहोस् किनभने यस विषयमा शताब्दियौंसम्म विभिन्न विद्वान्, धर्मविद्हरू आफै पनि बुझ्न चाहने मित्रहरू तपाईंको साथमा छन्। तपाई जति गहिरो यस विषयमा पुग्न कोसिस गर्नुहुन्छ उत्ति नै तपाईंको अज्ञानताको गहिराइमा फस्नुहुन्छ।

तर यो परिस्थितिको ज्ञान तपाईंमा होस भनी हामी कल्पना गर्न अनुरोध गर्दछौं। अहिले हामीलाई ज्ञात भएको येशु स्वर्गमा रहनुभएको बेलामा परम पिता परमेश्वर हाम्रा निम्ति मर्न आउनुभयो (यसलाई हामीले मानवीय तरिकाले मात्र सोचेका छौं)। ती दुवैकाबारेमा कुनै परिवर्तन हुनेवाला थिएन तर केवल हामीले एक अर्काको नाउँलाई कसरी सम्बोधन गर्दछौं, त्यही मात्र हाम्रो धारणामा यताउति हुनसक्दछ। परम पिता परमेश्वर र येशुको समानन्तर ईश्वरीय तहको अर्थ यही हो।

अझै पनि उहाँ परमेश्वर हुनुहुन्छ भनेर किटान गर्नुमा सारगर्भित मान्नु पर्दछ। युहन्ना १:१८ मा ग्रीक वा युनानी भाषामा येशुलाई अतुलनीय परमेश्वर भनेर सम्बोधन गरिएको छ।

अनि युहन्ना २०:२८ लाई कसरी हेर्ने त? आज पनि कत्तिले अचम्म मानेर वा आवेगमा परमेश्वरको नाउँ लिएर सम्बोधन गर्दछ, त्यही रूपले के थोमासले चकित भएर येशुलाई सम्बोधन गरिएको हो त? यो निष्कर्षमा पुग्नु भनेको नयाँ करारलाई आधुनिकीकरण गरेर प्रयोग गर्नु जस्तै हो। प्रथमतः यहूदीहरूले ईश्वरनिन्दाबाट सतर्क भएको कारणले उनीहरूको शब्दकोषमा परमेश्वरलाई जथाभावी सम्बोधन गर्ने चलन चल्ती थिएन। फेरि जुन रूपमा पदलाई रचना गरिएको छ त्यसले परमेश्वरको नाउँलाई जथाभावी प्रयोग गर्न विरोध गरेको पाउँछौं। यस पङ्क्तिले भन्दछः "थोमासले उहाँलाई भन्नुभयो" । अर्थात् थोमासले येशुलाई आफ्नो आस्थालाई प्रकट गर्दै सम्बोधन गर्दै थियो तर कुनै चकित भएर वा अत्तालिएर बोलेको थिएन। येशुले थोमासलाई नहप्काएको हुनाले थोमासको स्विकारोक्तिप्रति सन्तुष्ट हुनुभएको थियो भनेर स्पष्ट पार्दछ।

त्यही परमेश्वर येशु जो हाम्रो पापका निम्ति बलि हुन राजी हुनुभएको थियो। क्रुस, हाम्रा लागि कतिको अर्थपूर्ण साबित हुनुपर्दछ किनभने हाम्रो पापका निम्ति परमेश्वर नै क्रुसमा झुण्डिनुभयो?

## ५. अझ अरू तथ्यहरू छन्

नयाँ करारमा येशुको परमेश्वरत्वको बारेमा प्रमाणहरूले भरिपूर्ण भएका छन् तर यहाँ सबै वर्णन गर्न साध्य पनि छैन। उहाँका बारेमा धेरै कुराहरूलाई मनन गर्न सक्थ्यौं होला जस्तै उहाँको अनन्तता र सृष्टिकर्ताको गुण वा स्वभाव, उहाँले मात्र पापलाई क्षमा गर्ने अधिकारको दावी, संसारको अन्तिम युगमा पापी र धर्मात्मा छुट्याउन न्याय गर्ने उहाँमा भएको अभिभारा आदि। यसको साथै परम पिता सरह उहाँले आफूलाई राख्नुभएको थियो। यो बप्तिस्माको सूत्रमा दिएको छ



अनन्त, सनातनका परमेश्वर हुनुहुन्छ भनेर स्पष्ट पार्दछ। येशुले व्यक्त गर्नुभएको यो अभिव्यक्तलाई उहाँका श्रोतागणले पूरै बुझेका थिए जसले गर्दा ढुङ्गाले हानेर उहाँलाई मार्न तम्सिएका थिए, किनभने कसैले आफूलाई परमेश्वर सरह राख्नु उनीहरूका लागि भयङ्कर ईश्वरनिन्दक कार्य थियो (युहन्ना ८:५९)।

"जब येशुले आफ्नो अनन्त जीवनका बारेमा बोल्नुभएको थियो, त्यसबखत उहाँको अस्तित्वको समयविहीन थियो भन्ने मनस्थितिले अभिप्रेरित हुनुभएको थियो। उहाँले हामीलाई यो निश्चित गर्नचाहनु हुन्छ, कुनै यस्तो समय छैन जब अनन्तका परमेश्वरसँग आफू घनिष्ठ रूपमा संलग्न भएको थिएन। जुन आवाज येशुले यहूदीहरू बीच उहाँले उच्चारण गरिरहनुभएको थियो त्यो परमेश्वरसँग थियो र उहाँबाटै आएको थियो।"-एलेन जि ह्वाईट, साइन अभ् टाइम्स, अगष्ट २९, १९००।

माथि उल्लिखित एलेन जि ह्वाइटको मन्तव्य र अरू पदहरूले येशुले हाम्रा निम्ति क्रुसमा दिनुभएको अतुलनीय बलिदानलाई अझ बुझ्न कसरी मद्दत गर्दछ?

## ३ स्पष्ट अन्तरहरू

येशु परमेश्वर हुनुहुन्छ र उहाँ परमेश्वर पिताको हाराहारीमा हुनुहुन्छ भनेर स्पष्ट कथन हुँदाहुँदै हामीले यस्ता पङ्क्तिहरूको अझ सामना गर्नुपर्ने हुन्छ जसको ब्याख्या गर्न माग गरिएको हुन्छ। उदाहरणहरूमा एउटा पदलाई लिन सकिन्छ जुन निःसन्देह सम्पूर्ण बाइबलमा अति प्रख्यात र प्रेमभावले भरिपूर्ण पद युहन्ना ३:१६ लाई लिन सकिन्छ। "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, आफूले पैदा गरेका एक मात्र पुत्रलाई दिनुभयो।" अब समस्या स्पष्ट छः येशु अनन्तको हुनुहुन्छ भने उहाँ कसरी पैदा हुनुभयो त? के हामीलाई जन्माएको जस्तै कसैले उहाँलाई जन्माइयो त? (अङ्ग्रेजी बाइबलको *किंग्स जेम्स*मा मात्र एक मात्र पैदा भएको अर्थात् only begotten भएको

भनेर उल्लेख गरिएको छ तर नेपाली अनूदित बाइबल र अरू अङ्ग्रेजी समेतको बाइबलहरूमा एक मात्र पुत्र भनेर लेखिएको छ । यद्यपि एक मात्र पुत्र भन्नाले उहाँ प्रादुर्भाव हुनुभएको थियो कि? भन्ने सङ्केत दिँदछ - अनुवादकको तर्क)।

“एक मात्र पैदा भएको अर्थात् only begotten" भन्ने कथन युनानी वा ग्रीक भाषाको एउटै शब्द मोनोजिनस (monogenes) हो। यो शब्दलाई नयाँ करारमा नौ पटक प्रयोग गरिएको पाउँछौं। त्यसमध्ये पाँच पटक येशुलाई इङ्गित गरेका छन् र ती पाँचै पटक युहन्नाले आफ्नो लेखमा उल्लेख गरेका छन् (युहन्ना १:१४,१८,३:१६,१८, १ युहन्ना ४:९)। यो महत्त्वपूर्ण कौतुहलको विषय हो किनकि जुन लेखकले सुरुदेखि नै येशु परमेश्वर हुनुहुन्छ भनेर प्रस्तुत गर्न चाहेका छन् तिनले नै उपर्युक्त एक मात्र पैदा भएको अर्थात् मोनोजिनस (monogenes) शब्दलाई प्रयोग गरेका छन्। हो, उसले यही आशयलाई प्रस्तुत गर्दै आफ्ना प्रथम पुस्तकलाई थालनी गर्दछः “आदिमा वचन थियो, वचन परमेश्वरसँग थियो र वचन परमेश्वर थियो" (युहन्ना १:१)। यो यहुदी लेखकले सृष्टि गरेको व्यक्तिलाई परमेश्वर भनेर स्विकार गर्नु भनेको युगौं देखि चलि आएको आफ्नो धर्मको खिलाफमा प्रस्तुत गर्नु हो, के यो सम्भव थियो त?

तल उल्लेख गरिएका पदहरूले मोनोजिनस (monogenes) शब्द येशुलाई भन्दा अरुलाई नै प्रयोग गरिएको पाउँछौं । यदि तपाईंलाई ग्रीक वा युनानी भाषाको ज्ञान छैन भने अनुवाद गर्दा त्यो शब्द कहाँ पर्ने रहेछ सो आफैं हेर्नुहोस्। यसको अर्थ के होला सोच्नुहोस्?

लुका ७:११-१५, लुका ८:४१,४२, लुका ९:३८

नाइन सहरका मृतक युवक एउटै मात्र छोरो (एउटी विधवाको एउटै छोरा अर्थात् उसको आमाको एक मात्र छोरा) भनेर उल्लेख गरिएको छ। तर यसमा यो छोरा जन्माएको भनेर जोड दिएको पाउँदैनौं। बरु एक मात्र, एक्लो, अतुलनीयमा (तुलना नहुने) केन्द्रिभूत गरेको छ।



यासरसका पुत्रीका बारेमा पनि यही शब्दलाई उपयोग गरिएको छ। विशेष खालको एक मात्र छोरी, उनी अरुसँग तुलना नहुने छोरी - मोनोजिन शब्द प्रयोग गरेर उनको बुबाको प्रिय विलक्षण पुत्री भनेर उल्लेख गरेको पाउँछौं। लुका ९:३८ मा पनि यही अभिव्यक्त गरेको छ।

विभिन्न विद्वानहरूको रायअनुसार भाषिक तर्कमा मोनोजिन भन्ने शब्दलाई जन्माएको वा आफूले पैदा गरेको भनेर देखाउँदैन बरु अतुलनीय, पार्श्विय वा निकट, विलक्षण भनेर ब्याख्या गरेको पाउँछौं। यस तर्कले, येशु पुत्र भएर जन्म लिएर क्रुसमा हाम्रा लागि महान् बलिदान हुनुभयो भन्ने आस्थालाई राम्ररी बुझ्न कसरी मद्दत मिल्दछ?

## ४. येशु- अद्वितिय परमेश्वर

नयाँ करारका लेखकहरूले पूर्ण रूपले यो स्पष्ट पार्न चाहन्छन्, येशुलाई परमेश्वर भनेर सम्बोधन गर्नु उपयुक्त, न्यायसम्मत र उचित छन्। यो यथार्थतालाई अझ महत्त्वपूर्ण मानिन्छ किनभने लूका बाहेक सुसमाचारका लेखकहरू सबै जना विशुद्ध एकईश्वरवादी यहूदी थिए र परमेश्वरलाई गर्ने सम्बोधन जथाभावी अरूलाई गर्दैनथे। त्यसकारण यो बुझ्नु अति अनिवार्य छ, तिनीहरूले येशुलाई प्रभु भनेर स्विकार्न एकदम गहिरो र पवित्र आत्माको प्रेरणाले अभिप्रेरित भएको कारणले मात्र हुनुपर्दछ।

तलका पदहरूले येशु नै अद्वितीय परमेश्वर हुनुहुन्छ भनेर कसरी प्रमाणित गर्न खोज्दछ?

मत्ती ३:३, युहन्ना १:१, युहन्ना १:१८, युहन्ना २०:२८

मत्ती ३:३ले यशैया ४०:३ लाई गुञ्जायमान गर्दछ जहाँ यशैयाले पुरानो करारमा परमेश्वरको अति पवित्र नाउँ यह्वेलाई उपयोग गरिएको थियो। प्रारम्भिक भाषामा जुन रूपमा युहन्ना १:१ रचना गरिएको छ, त्यसले युहन्नाले के भन्न खोजिरहेको छ भन्ने धारणामा शङ्का गर्ने ठाउँ दिँदैनन्। येशुको मृत्युको पैंसट्ठी वर्ष पछि उहाँको निकटमा रहने चेलाले